राष्ट्रको सञ्चार

नेपाल टेलिकम

# Telecom Newsletter

नेपाल दूरसञ्चार कं.लि., भद्रकालीप्लाजा, काठमाडौं



Monthly Publication

Volume 22, Issue 5 No. 148 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Poush 2079 (Dec-January2023)

## नेपाल टेलिकमको ब्राण्ड एम्बेसडरमा पारस र प्रियंका नियुक्त

नेपाल टेलिकमले नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्व कप्तान एवं चर्चित खेलाडी पारस खड्का तथा मिस नेपाल वर्ल्ड २०२२ प्रियंका रानी जोशीलाई ब्राण्ड एम्बेसडर नियुक्त गरेको छ । गत मंसिर २१ गते आयोजित एक कार्यक्रमका बीच यस सम्बन्धी सम्झौता पत्रमा नेपाल टेलिकमका प्रबन्ध निर्देशक सुनिल पौडेल र क्रिकेट खेलाडी पारस खड्का तथा मिस नेपाल वर्ल्ड २०२२ प्रियंका रानी जोशीले नेपाल टेलिकमको केन्द्रीय कार्यालयमा आयोजित एक कार्यक्रममा हस्ताक्षर गर्नुभयो ।

हस्ताक्षर कार्यक्रममा कम्पनीका प्रबन्ध निर्देशक पौडेलले नेपाल टेलिकमले अत्याधुनिक दूरसञ्चार प्रविधिबाट प्रदान गर्न सकिने सबै दूरसञ्चार सेवाहरु प्रदान गरिरहेको उल्लेख गर्दै ती सेवाहरु नवनियुक्त ब्राण्ड एम्बेसडरद्वय मार्फत सम्पूर्ण नेपालीहरुका साथै विशेषत नयाँ पुस्तामा स्थापित गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । सो अवसरमा प्रबन्ध निर्देशक पौडेलले यो सहकार्यको शुरुवात मात्र भएकाले भविष्यमा थप व्यावसायिक सहकार्य गर्न सकिने बताउनु भयो ।

समारोहमा कम्पनीका नवनियुक्त ब्राण्ड एम्बेसडर पारस खड्काले मुलुकको सबैभन्दा ठूलो दूरसञ्चार सेवा प्रदायक कम्पनी नेपाल टेलिकमसँग पुनः आवद्ध हुन पाएकोमा गौरव महशुस गरेको बताउनु भयो । यसैगरी अर्को नवनियुक्त ब्राण्ड एम्बेसडर प्रियंका रानी जोशीले आफूले पनि शुरुदेखि नै नेपाल टेलिकमको सेवा उपयोग गरिरहेको र नयाँ पुस्तालाई कम्पनीकै सेवा प्रयोग गर्न अभिप्रेरित गर्न सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।



ब्राण्ड एम्बेसडरद्वयमध्ये पारस खड्कासँग २०७९ पुस १ गतेदेखि एक वर्षको लागि र प्रियंका रानी जोशीसँग अर्को मिस नेपाल छनौट हुने अवधिसम्मका लागि सम्झौता सम्पन्न भएको हो । क्रिकेट खेलाडी पारस खड्का यो भन्दा पहिले पनि कम्पनीको ब्राण्ड एम्बेसडर रहिसक्नु भएको छ ।

## आफ्नै नाममा दर्ता गरी मोबाइल प्रयोग गर्न कम्पनीको आग्रह

राष्ट्रिय परिचय पत्र, नागरिक एप, बैंकिङ सेवा तथा सामाजिक सञ्जाल लगायत विभिन्न डिजिटल गतिविधिहरुमा मोबाइल नम्बरको प्रयोग गर्नुपर्ने अत्यन्त जरुरी अवस्था देखिएको छ । मोबाइल नम्बर प्रयोगकर्ता ग्राहक स्वयंको नाममा दर्ता भएको खण्डमा मात्र मोबाइल बैंकिङ लगायत सुविधाहरु सुरक्षितरुपमा प्रयोग गर्न सकिने अवस्था पनि सिर्जना भएको छ । अरुको नामको मोबाइल नम्बर प्रयोग गर्दा मोबाइल बैंकिङको दुरुपयोग भई अनधिकृत व्यक्तिबाट रकम गुमाउनु पर्नेसम्मको अवस्था तथा सामाजिक सञ्जालको दुरुपयोग भई अनेक कानुनी झमेलामा समेत पर्ने सम्भावना रहन्छ । तसर्थ नेपाल टेलिकम सम्पूर्ण ग्राहकवर्गमा आफ्नै नाममा दर्ता मोबाइल नम्बर प्रयोग गर्न तथा सिमकार्ड हराएको/बिग्रिएको खण्डमा सिमकार्ड आफू स्वयं उपस्थित भई प्राप्त गर्न अनुरोध गर्दछ ।

यस अनुसार ग्राहकहरुको सुरक्षामा विशेष ध्यान दिँदै सहजै सेवा उपलब्ध गराउनका लागि नयाँ सिमकार्ड लिंदा वा सिमकार्ड परिवर्तन गर्दा निम्न मापदण्डहरु कार्यान्वयनमा ल्याइएको छ । नयाँ सिमकार्ड लिनका लागि ग्राहकले आवेदन फाराममा आवश्यक विवरणहरु स्पष्ट रुपमा भरेको तथा ग्राहकको नाम, ठेगाना, परिचय पत्र जारी भएको जिल्ला र मिति तथा आधिकारिक परिचय पत्र नम्बर र सम्पर्क नम्बर स्पष्ट रुपमा लेख्नु पर्दछ । स्वयं उपस्थित हुने ग्राहकलाई मात्र सिमकार्ड उपलब्ध गराइने छ र परिचय पत्रको प्रतिलिपीलाई सक्कल परिचय पत्रको नाम, बुवाको नाम, परिचय पत्र नम्बर र जारी भएको मिति र जिल्लाका आधारमा रुजु गरिन्छ ।

सिमकार्ड बिग्रेर, हराएर वा अन्य कारणले सिमकार्ड परिवर्तन गर्नुपर्ने अवस्थामा ग्राहक स्वयं उपस्थित भएमा सिमकार्ड परिवर्तनको फाराम पूर्ण रुपमा भरेको/नभरेको जाँच पश्चात ग्राहकको परिचय पत्रको सक्कल र नक्कल लगायतका विभिन्न कागजात रुजु गरी सिमकार्ड उपलब्ध हुन्छ ।

ग्राहक स्वयं उपस्थित नभई अर्को व्यक्तिको नाममा दर्ता रहेको सिमकार्ड लिन आएको अवस्थामा ग्राहक स्वयं उपस्थित हुन नसक्ने कारणसहित ग्राहकको मन्जुरिनामा र सक्कल परिचय पत्रका आधारमा सिम लिन आउने व्यक्तिको सक्कल परिचय पत्र देखाई सोको प्रतिलिपी रितपूर्वक भरिएको फारामसाथ संलग्न गर्नुपर्छ । कागजात रुजु कार्य सम्पन्न भए पश्चात सिमकार्ड परिवर्तन हुन्छ ।

(बाँकी २ पेजमा)

## एउटै फाइबरबाट चार सुविधा

नेपाल टेलिकमको फाइबर टु द होम अर्थात एफटीटीएच सेवाबाट एउटै प्याकमा एकै पटक चार वटा सुविधा लिन सकिन्छ । यसबाट एकै पटक उच्च गतिको इन्टरनेटका साथै टेलिभिजन चलाउन, टेलिफोन सेवा प्रयोग गर्न र मोबाइल डाटा समेत चलाउन सकिन्छ । एउटै तारबाट आवश्यकता अनुसार चार वटा सुविधा चलाउन सकिने भएकाले नेपाल टेलिकमले यसलाई थ्री प्लस वान (3 Plus 1) अर्थात 'अब एउटैमा तीन प्लस १' सेवा नामाकरण गरेको छ ।

### टेलिफोन

एफटीटीएच सुविधा लिंदा पाइने विभिन्न प्याकेजमध्ये २५ एमबीपीएस वा सो भन्दा बढीको प्याकेज लिने ग्राहकलाई निःशुल्क टेलिफोन सुविधा समेत प्राप्त हुन्छ । प्रत्येक महिना न्यूनतम शुल्क वापतको रकम तिर्नु नपर्ने भएकाले वार्षिक रुपमा यसबाट ग्राहकले धेरै रकम बचत गर्न सक्छन् ।

### इन्टरनेट

एफटीटीएच सेवाको प्रमुख विशेषता नै हाई स्पिड इन्टरनेट प्राप्त हुनु हो । यसकारण ग्राहकले यसबाट अविच्छिन्न रुपमा आफूले

(बाँकी २ पेजमा)

## एउटै फाइबरबाट .... 

(१ पेजको बाँकी)

खोजेको र रोजेको स्पिडमा इन्टरनेट चलाउन सक्छन् । विभिन्न दरका प्याकेजमध्ये आफूलाई उपयुक्त प्याकेज छनोट गरेर तीव्र गतिको इन्टरनेट चलाउन सकिन्छ ।

### टेलिभिजन

नेपाल टेलिकमले NTTV (एनटी टिभी) ब्राण्डमा एफटीटीएचमार्फत आईपी टिभी (IPTV) सेवा सञ्चालनमा ल्याएको छ । यसबाट विभिन्न दरका प्याकेज अन्तर्गत विभिन्न टेलिभिजन च्यानलहरु हेर्न सकिन्छ ।

मोबाइल प्रयोगकर्ताहरुले गुगल प्ले स्टोर तथा एप्पल एप स्टोरमार्फत 'एनटीटीभी' एप डाउनलोड गरेर मोबाइलमै समेत आफूलाई मन परेको च्यानल जुनसुकै डाटा प्याक तथा वाईफाईमार्फत सहजै हेर्न सकिन्छ ।

### मोबाइल डाटा

एफटीटीएच लाइन जडान गरी २० एमबीपीएस वा सो भन्दा बढी स्पिडको वार्षिक प्याकेज लिने, पहिले लिइरहेको प्याकेजलाई २० एमबीपीएस वा सो भन्दा बढी स्पिडको वार्षिक प्याकेजमा स्तरोन्नति गर्ने तथा सोही प्याकेज एक वर्ष नवीकरण गर्ने ग्राहकको मोबाइलमा दैनिक ३०० एमबी डाटा उपलब्ध गराइने व्यवस्था छ ।

### सित्तैंमा सीपीई ड्रप फाइबर

२० एमबीपीएस वा सो भन्दा बढी स्पिडको वार्षिक प्याकेज लिने, पहिले लिइरहेको प्याकेजलाई २० एमबीपीएस वा सो भन्दा बढी स्पिडको वार्षिक प्याकेजमा स्तरोन्नति गर्ने ग्राहकलाई निःशुल्क सीपीई र १०० मिटरसम्म निःशुल्क ड्रप फाइबर समेत उपलब्ध गराइन्छ । यसबाट ग्राहकलाई १३ हजार रुपैयाँ भन्दा बढीको सुविधा निःशुल्क प्राप्त हुन्छ । मोबाइल डाटा चलाउन आवश्यक पर्ने ग्राहकले सहज तरिकाले यस अफरबाट चलाउन सक्नुहुन्छ ।

त्यसैगरी मोबाइलमार्फत विभिन्न प्याकेज प्राप्त गर्नका लागि ग्राहकले *1416# डायल गर्न सकिन्छ । कम्पनीको 'नेपाल टेलिकम' एपबाट पनि यस सम्बन्धी जानकारी लिन तथा सेवा खरिद गर्न सकिन्छ ।

(१ पेजको बाँकी)

## आफ्नै नाममा दर्ता ........

सिम लिने ग्राहकभन्दा फरक ग्राहकको विवरण दर्ता रहेको अवस्थामा प्रयोगकर्ता र दर्ता रहेको ग्राहकको मोबाइल नम्बर अद्यावधिक गरी लिने र दिने व्यक्ति आ-आफ्नो नागरिकताको सक्कल वा अन्य आधिकारिक परिचय पत्रको सक्कल र तिनका प्रतिलिपी सहित स्वयं उपस्थित भई निवेदन दिन सकिने व्यवस्था रहेको छ । कुनै ग्राहक अशक्त भएमा निजको मञ्जुरिनामा पत्र र परिचय पत्रको सक्कल तथा प्रतिलिपी, लिन आउने व्यक्तिको सक्कल परिचय पत्रसहित उपस्थित भएमा तथा कुनै ग्राहकको मृत्यु भएमा नाता प्रमाणित गर्ने कागजात र मृत्यु प्रमाण पत्र सहित हकवाला नातेदार सक्कल कागजात तथा परिचय पत्र सहित उपस्थित भएमा सिमकार्ड उपलब्ध हुन्छ ।

वास्तविक प्रयोगकर्ता भन्दा फरक ग्राहकको विवरण भएको अवस्थामा सिम लिने ग्राहकको कबुलियतनामा पत्र र परिचय पत्रका साथमा ग्राहक आवेदन फाराम भरेपछि थप पुष्ट्याई गरी सिमकार्ड परिवर्तन गर्न सकिन्छ ।

# विराटनगर प्रा.नि.मा कार्य सम्पादन सम्झौता

कम्पनीका पूर्व निर्धारित लक्ष्य र योजनाहरु समयमै सम्पन्न गर्न थप सहज होस् भनी प्रादेशिक निर्देशनालय, विराटनगरका निर्देशक प्रेम सिलवाल र मातहत कार्यालयका प्रमुखहरुबीच कार्य सम्पादन सम्झौता सम्पन्न भएको छ । निर्देशक सिलवाल र सो प्रादेशिक निर्देशनालयका विभागीय प्रमुखहरु तथा अन्तर्गत लेखा कार्यालयका कार्यालय प्रमुखहरुबीच गत मंसिर महिनाको दोश्रो हप्ता कार्यसम्पादन सम्झौता सम्पन्न भएको हो । सो अवसरमा निर्देशक सिलवालले सबै विभागीय प्रमुख र कार्यालय प्रमुखहरुलाई सम्झौता बमोजिमका लक्ष्यहरु समयमै पूरा गर्न निर्देशन दिनुभयो । कार्यक्रममा विभागीय प्रमुख र कार्यालय प्रमुखहरुले पनि सम्झौता बमोजिमका योजनाहरु निर्धारित अवधिमा नै सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।



### सेवा प्रबर्द्धन कार्य

पूर्वाञ्चाल क्षेत्रमा व्यापार र सेवा प्रबर्द्धन गर्नका लागि विभिन्न प्रदेशस्तरीय व्यापारिक मेला तथा धेरै जनसहभागीता हुने स्थानीय मेला, चाडपर्वस्थलहरुमा एफटीटीएच तथा जिएसएम सेवा बिक्री र प्रबर्द्धन गर्ने कार्य लगातार सम्पन्न भइरहेका छन् । हालै सम्पन्न विराट एक्स्पो २०७९ (कृषि तथा औद्योगिक अन्तर्राष्ट्रिय प्रदर्शनी) मा पनि कम्पनीका सेवा बिक्री र प्रबर्द्धनका कार्य गरिएको थियो । यस क्रममा भोजपुर र धरानमा सम्पन्न महोत्सवहरुमा पनि कम्पनीको स्टल राखी सेवा बिक्री र बजार प्रबर्द्धन गर्ने कार्य सम्पन्न गरिएको छ ।

सेवाका प्रचार र बजार प्रबर्द्धन गर्ने क्रममा महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पसको बिएससीसीएसआइटी समूहका विद्यार्थीहरु एवं प्राध्यापकहरुलाई क्याम्पस परिसरमा नै गई कम्पनीका सेवाहरुको बारेमा जानकारी प्रदान गरिएको थियो । अन्तरक्रियासहित सम्पन्न सो कार्यक्रमबाट कम्पनीका सेवा र भ्यालु एडेड सेवाहरुका बारेमा सहभागीहरुको जिज्ञासा समाधान गर्ने प्रयास भएको थियो । यसैगरी इलामको चुलाचुली गाउँपालिकाका अध्यक्ष लगायत जनप्रतिनिधी र कर्मचारीहरुको सहभागीतामा कम्पनीका सेवाहरुका बारेमा जानकारी प्रदान गर्ने र अन्तरक्रिया कार्यक्रम गरिएको छ । यस्ता कार्यक्रमबाट संस्थागत सेवाग्राहीहरुको बढोत्तरी हुने विश्वास लिइएको छ ।

प्रादेशिक निर्देशनालयले व्यापार प्रबर्द्धनका कामहरु सम्पन्न गर्ने क्रममा नेपाल प्रहरीसँगको सहकार्यमा इलाम बजार क्षेत्रमा विभिन्न ट्राफिक पोस्टहरुमा कम्पनीका व्यापार प्रबर्द्धन हुने जानकारीमूलक बोर्डहरु र विज्ञापन सामग्रीहरु राखिएको छ । यसैगरी विराटनगर महानगरपालिका भित्रका डिजिटल यातायात केन्द्रहरुमध्ये बसपार्क, गुदरी, कञ्चनबारी र पुष्पलाल चोकमा सोलार बत्तीसहितको कम्पनीका सेवाहरुका बारेमा जानकारी दिने कार्य पनि गरिएको छ ।



### कम्पनीद्वारा सामाजिक दायित्व वहन

यसैगरी प्रादेशिक निर्देशनालय, विराटनगरले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न संघ संस्थाहरुलाई भौतिक सामग्री सहयोग पनि गरेको छ । विराटनगरस्थित काली मन्दिर परिसरमा फोहोर संकलन गर्नका लागि सहयोग पुऱ्याउने उद्देश्यले मन्दिर व्यवस्थापन समितिलाई फोहोर राख्ने भाँडाहरु (डस्टबिन) हस्तान्तरण गरिएको छ । साथै निर्देशनालयकै तर्फबाट उदयपुरको कटारी नगरपालिका वडा नम्बर ७ मा रहेको जनप्रेमी माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि खेलकुदका सामग्रीहरु पनि हस्तान्तरण गरिएको छ ।



# कम्पनीका सेवाहरु प्रयोग गर्नका लागि ग्राहकहरुलाई आवश्यक पर्ने विभिन्न उपयोगी Short Code हरु:

**१. मोबाइल सेवा**

| सेवा | उद्देश्य | Code | तरिका |
|---|---|---|---|
| प्याकेज खरिद | अफरहरु थाहापाउन | *1415# | डायल गर्ने |
| ब्यालेन्स | मोबाइल ब्यालेन्स थाहापाउन | *400# | डायल गर्ने |
| मोबाइल नम्बर | आफ्नो मोबाइल नम्बर थाहापाउन | *9# | डायल गर्ने |
| SIM चेक | सिम कस्को नाममा छ चेक गर्ने | *922# | डायल गर्ने |
| कल फरवार्ड | कल फरवार्ड सक्रिय गर्न | **21*98xxxxxxxx* Forwarding Number# | डायल गर्ने |
| कल फरवार्ड | कल फरवार्ड रद्द गर्न | ##002# | डायल गर्ने |
| कल वेटिङ | कल वेटिङ सक्रिय गर्न | *43# | डायल गर्ने |
| कल वेटिङ | कल वेटिङ रद्द गर्न | #43# | डायल गर्ने |
| ब्यालेन्स ट्रान्सफर | ब्यालेन्स ट्रान्सफर गर्न | *422*SecurityCode* MobileNumber*Rs.# | डायल गर्ने |
| सेक्युरिटी कोड | सेक्युरिटी कोड पत्ता लगाउन | SCODE लेखेर 1415 मा | एसएमएस पठाउने |
| अन्तर्राष्ट्रिय कल (ISD) | अन्तर्राष्ट्रिय कल सक्रिय गर्न | #331*0000# | डायल गर्ने |
| अन्तर्राष्ट्रिय कल | अन्तर्राष्ट्रिय कल निस्क्रिय गर्न | *331*0000# | डायल गर्ने |
| CRBT (Caller Ring Back Tone) | CRBT सक्रिय गर्न | SUB लेखेर 1455 मा | एसएमएस पठाउने |
| CRBT | CRBT निस्क्रिय गर्न | Unsub लेखेर 1455 मा | एसएमएस पठाउने |
| नमस्ते क्रेडिट | नमस्ते क्रेडिट सक्रिय गर्न | START लेखेर 1477 मा | एसएमएस पठाउने |
| नमस्ते क्रेडिट | नमस्ते क्रेडिट निस्क्रिय गर्न | STOP लेखेर 1477 मा | एसएमएस पठाउने |
| MCA (Missed Call Alert) | MCA सक्रिय गर्न | *1400*1# | डायल गर्ने |
| MCA (Missed Call Alert) | MCA निस्क्रिय गर्न | *1400*2# | डायल गर्ने |
| FNF (Friends and Family) | FNF सक्रिय गर्न | FNFSUB9841 xxxxxx लेखेर 1415 मा | एसएमएस पठाउने |
| FNF | FNF जोड्न | FNFADD01488xxxx लेखेर 1415 मा | एसएमएस पठाउने |

**2. Landline, ADSL**

| सेवा | उद्देश्य | Code | तरिका |
|---|---|---|---|
| Landline | बिल थाहा पाउन | CB*01488xxxx लेखेर 1415 मा | एसएमएस पठाउने |
| ADSL | ADSL अफर Validity | VL*NTADSL0 1488xxxx लेखेर 1415 मा | एसएमएस पठाउने |
| ADSL | ADSL ब्यालेन्स थाहा पाउन | BL*NTADSL0 1488xxxx लेखेर 1415 मा | एसएमएस पठाउने |

**3. Inquiry & Complain**

| सेवा | उद्देश्य | Code | तरिका |
|---|---|---|---|
| Landline | टेलिफोन मर्मत | 198 | डायल गर्ने र निर्देशन अनुरप गर्ने |
| FTTH | FTTH मर्मत | 198 | डायल गर्ने र निर्देशन अनुरुप गर्ने |
| Landline | टेलिफोन नम्बर थाहा पाउन | 197 | डायल गर्ने |
| Mobile | ग्राहक सहायता | 1498 | डायल गर्ने |

थप जानकारीका लागि नेपाल टेलिकमको वेबसाइट https://ntc.net.np/post/useful-short-codes अध्ययन गर्न सकिन्छ ।

## रिचार्जमा बोनस अफर

नेपाल टेलिकमले सम्भव भएसम्म कम्पनीका सेवाग्राहीहरुलाई सुविधाहरु उपलब्ध गराउँदै आएको छ । यस क्रममै कम्पनीका रिचार्ज कार्डबाट आफ्नो मोबाइल रिचार्ज (Top up) गरे वापत ग्राहकहरुलाई बोनस डाटा उपलब्ध गराएको थियो । ग्राहकले रु. २००, रु. ५०० र रु. १००० दरका रिचार्ज कार्ड प्रयोग गरी मोबाइल रिचार्ज गर्दा कम्पनीले सो अफर उपलब्ध गराएको हो ।

यस अन्तर्गत रु. २०० को रिचार्ज कार्ड प्रयोग गर्दा यस वापत १ दिन प्रयोग गर्न सकिने १ जीबी डाटा र रु. ५०० को रिचार्ज कार्ड प्रयोग गर्दा यस वापत ४ दिनसम्म प्रयोग गर्न सकिने ४ जीबी डाटा उपलब्ध गराइएको थियो । त्यसैगरी रु. १००० को रिचार्ज कार्ड प्रयोग गर्दा यस वापत १० दिनसम्म प्रयोग गर्न सकिने १० जीबी डाटा पनि वोनस स्वरुप उपलब्ध थियो । यो अफर गत २०७९ मंसिर २० देखि प्रारम्भ भएर पुस १९ गतेसम्म जीएसएम प्रिपेड तथा पोस्टपेड मोबाइल प्रयोगकर्ताहरुका लागि उपलब्ध गराइएको थियो ।

## जुम्लाको सिञ्जामा फोरजी सेवा शुरु

नेपाल टेलिकमले दुर्गम जिल्लाका विकट वस्तिहरुमा अत्याधुनिक दूरसञ्चार सेवाहरु सुलभ दरमा उपलब्ध गराउँदै आएको छ । यसै क्रममा कम्पनीले हालै जुम्ला जिल्लाको सिञ्जा गाउँपालिकामा फोरजी सेवासहितको ब्रोडब्याण्ड इन्टरनेट सुविधा उपलब्ध गराएको छ । सो गाउँपालिकाको वडा नम्बर ४ मा मोबाइल सेवाका लागि आवश्यक संरचना खडा गरी गाउँपालिकाभरी सेवाको पहुँच स्थापित गरिएको हो । जम्मा ६ वटा वडा रहेको यस गाउँपालिकाका १, २, ३ र ४ वडाहरुमा मोबाइल सेवा सहजै सबै समय उपलब्ध भइरहेको छ । डाँडा पारी रहेका वडाहरु ५ र ६ मा पनि सेवाहरु नियमित गर्न लागिएको छ ।

यहाँको मोबाइल टावरबाट प्रवाह गरिएको सेवाबाट सो गाउँपालिकाका १० हजारभन्दा बढी जनसंख्या लाभान्वित भएको सो गाउँपालिकाका अध्यक्ष पूर्णप्रसाद धितालले बताउनु भयो । अध्यक्ष धितालले फोरजी सेवाको उपलब्धतासँगै तीब्र गतिको इन्टरनेट सुविधा पनि उपयोग गर्न पाइएकाले स्थानीय निकायहरु र अन्य सरकारी कार्यालयका कामकारवाही गर्न अत्यन्त सहज भएको पनि उल्लेख गर्नुभयो ।

यसअघि उक्त स्थानहरुमा टुजी सेवा मात्र उपलब्ध थियो । सो सेवा पनि सोलार पावरबाट सञ्चालित भएकाले घाम लाग्दा मात्र उपयोग गर्न सकिने बाध्यता पनि थियो । यस टावरबाट सिञ्जा गाउँपालिकाको दुर्गम स्थान मानिने कनकसुन्दरी र हिमा गाउँपालिककाका केही स्थानका वासिन्दाले पनि अत्याधुनिक दूरसञ्चार सेवाहरु उपयोग गर्न पाइरहेका छन् ।

# रुकुम पूर्वका दर्जनौं वस्तिमा अत्याधुनिक दूरसञ्चार सेवाहरु

मुलुकको अर्को निकै दुर्गम जिल्ला रुकुम पूर्वका दुई स्थानहरुमा नेपाल टेलिकमले एकैपटक दुईवटा मोबाइल टावरहरु सञ्चालन गरी अत्याधुनिक दूरसञ्चार सेवाहरुको शुरुवात गरेको छ । रुकुम पूर्वको सिस्ने गाउँपालिकाको वडा नम्बर ४ स्थित पोखरा दादिङमा मोबाइल टावरको स्थापनापश्चात सेवा उपलब्ध गराइएको हो । यसैगरी सोही दिन नै रुकुम पूर्व जिल्लाकै भुमे गाउँपालिकाको वडा नम्बर ६ को महत भन्ने स्थानमा पनि नयाँ मोबाइल टावरबाट सेवा प्रवाह गरिएको छ । यी दुवै टावरहरुबाट फोरजी र टुजी सेवा उपलब्ध भइरहेको छ ।

उक्त दुई स्थानहरुबाट मोबाइल सेवा र तीब्र गतिमा चल्ने इन्टरनेट सेवा प्रवाह भएपछि हालसम्म दूरसञ्चार सेवाहरु उपलब्ध नभएका थुप्रै वस्तीका वासिन्दाले सेवा उपयोग गर्न पाएका छन् । पोखरा दादिङको टावरबाट त्यस क्षेत्रका एक हजारभन्दा प्रयोगकर्ताले सेवा उपयोग गर्न सक्ने बताइएको छ । यसैगरी भुमे गाउँपालिकाको महत गाउँको टावरले सो गाउँपालिकाका अधिकांश वस्तिहरु र रुकुम पश्चिम जिल्लाका केही वस्तिहरुमा समेत फोरजी सेवा उपलब्ध भइरहेको छ । यसबाट २ हजारभन्दा बढी मानिसहरुले अत्याधुनिक दूरसञ्चार सेवाहरु प्रयोग गर्न सक्नेछन् ।

यसैगरी रुकुम पूर्वकै सिस्ने गाउँपालिकाको वडा नम्बर ६ स्थित खोपिचौरमा स्थापित नयाँ मोबाइल टावरबाट पनि सेवा शुरु भएको छ । सो टावरबाट त्यस क्षेत्रका साकिम, सेरावाङ तथा रुकुम पश्चिमका पनि केही वस्तिहरुमा फोरजी र टुजी मोबाइल सेवा उपलब्ध हुनेछ ।



# कर्मचारी संगठनको १६औं वार्षिकोत्सव सम्पन्न

नेपाल राष्ट्रिय कर्मचारी संगठन, नेपाल टेलिकमको १६औं वार्षिकोत्सव विभिन्न कार्यक्रमहरुको आयोजना गरी सम्पन्न भएको छ। संगठनको वार्षिकोत्सवको अवसरमा कम्पनीको केन्द्रीय कार्यालयमा २०७९ पुस १८ गते आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै निवर्तमान उर्जा, जलश्रोत तथा सिंचाई मन्त्री तथा नेकपा माओवादी केन्द्रकी उपमहासचिव पम्फा भुसालले ट्रेड युनियन, व्यवस्थापन र सञ्चालक समितिबीच छलफल र अन्तरक्रिया लगातार भइरहनुपर्ने तथा भएका निर्णय र समझदारीहरु इमान्दारीपूर्वक कार्यान्वयन गर्दै जानुपर्ने बताउनुभयो। सो अवसरमा उहाँले कम्पनीले प्रवाह गरिरहेका सेवाका विकल्प खोज्ने नपर्नेगरी सेवा उपलब्ध गराउनु प्रमुख दायित्व भएको पनि उल्लेख गर्नुभयो। आम सेवाग्राहीहरुलाई गुणस्तरीय र दीगो सेवा प्रवाह गर्नका लागि दूरसञ्चार सेवा प्रदायकबीच प्रतिस्पर्धा हुनुपर्ने पनि भुसालले बताउनु भयो।

नेपाल टेलिकमका प्रबन्ध निर्देशक सुनिल पौडेलले समारोहलाई सम्बोधन गर्दै कम्पनीलाई थप सबल र संवृद्ध बनाउन सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, कम्पनीको सञ्चालक समिति, व्यवस्थापन र कर्मचारीहरु एकजुट भएर लाग्नुपर्ने आफूले महशुस गरेको बताउनु भयो। सो अवसरमा उहाँले यस अवधिमा कर्मचारीका लागि कम्पनीका तर्फबाट सम्पन्न गरिएका कार्यहरुको उल्लेख गर्दै वार्षिक पर्यटन बिदा, इन्सेन्टिभको वितरण र निवृत्तिभरणवीहिन कर्मचारीका लागि निर्णय प्रक्रियामा रहेको निवृत्तिभरणसम्बन्धी व्यवस्थाको चर्चा गर्नुभयो।

सो कार्यक्रममा नेपाल राष्ट्रिय कर्मचारी महासंघका अध्यक्ष मणिरत्न श्रेष्ठले कम्पनीमा क्रियाशील ट्रेड युनियनहरु संस्थाको संवृद्धि, कर्मचारीको हितका साथै परिवर्तनलाई संस्थागत गर्न लाग्नुपर्ने बताउनु भयो। धेरै सार्वजनिक संस्थाहरु अस्तित्वबाट हराएको उल्लेख गर्दै उहाँले यस कम्पनीका ट्रेड युनियनहरुको संस्थागत सुशासन कायम गर्ने जिम्मेवारी पनि रहेको उल्लेख गर्नुभयो।

सो अवसरमा कम्पनीको सञ्चालक समितिका सदस्य (कर्मचारी प्रतिनिधि) शंकर लामिछानेले कम्पनीलाई सेवाग्राहीका लागि उत्कृष्ट सेवा प्रदायक र समुन्नत बनाउने भनेका त्यहाँ काम गर्ने कर्मचारी हुन् भन्नुभयो। काम गर्ने मानिसको उचित सम्मानबाट मात्र कामको सम्मान हुने उल्लेख गर्दै उहाँले भन्नुभयो काम गर्ने मानिसको सम्मान भनेको उनीहरुलाई पर्याप्त मात्रामा सुविधा प्रदान गरेर मात्र हुन्छ। सहमति र सम्झौता तत्कालीन संकट टार्नका लागि मात्र हुने गरेका उल्लेख गर्दै उहाँले सम्झौताहरु कार्यान्वयनका लागि हुनुपर्ने पनि उल्लेख गर्नुभयो।

नेपाल राष्ट्रिय कर्मचारी संगठन, नेपाल टेलिकमका अध्यक्ष दामोदर केसीले कम्पनीमा अत्यन्त दक्ष जनशक्ति, पर्याप्त पूँजी, र ग्राहक सेवाका लागि विविध खालका अत्याधुनिक दूरसञ्चार सेवाहरु भएकाले चुस्त योजना बनाई कम्पनीलाई थप समुन्नत बनाउन लाग्नुपर्ने बताउनु भयो। उहाँले रणनीति साझेदार ल्याउनुको सट्टा बढीमा कन्ट्याक्ट म्यानेजमेण्ट ल्याउन सकिने धारणा राख्नुभयो।

कार्यक्रममा नेपाल दूरसञ्चार राष्ट्रिय कर्मचारी संगठनका अध्यक्ष मोहन प्रसाद फुंयाल, नेपाल टेलिकम कर्मचारी युनियनका अध्यक्ष वीरेन्द्र लाल जोशी र नेपाल टेलिकम वर्कर्स युनियनका सहअध्यक्ष लाल बहादुर रानाले संगठनको वार्षिकोत्सवका अवसरमा शुभकामना व्यक्त गर्दै कम्पनीमा कार्यरत सबै युनियनहरु समुन्नत संस्था निर्माण र कर्मचारीको हितका लागि मिलेर जाने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

सो कार्यक्रममा नेपाल राष्ट्रिय कर्मचारी संगठन, नेपाल टेलिकमका महासचिव तेज बहादुर शाही तथा सो संगठनका वागमती प्रादेशिक समितिका अध्यक्ष पुष्पराज गुरागाईंले ट्रेड युनियन र व्यवस्थापनले कम्पनी र कर्मचारीका हितका सम्बन्धमा निर्वाह गर्नुपर्ने भूमिकाका बारेमा धारणाहरु राख्नुभएको थियो।

कम्पनीका उच्चपदस्थ पदाधिकारीहरु सहभागीता रहेको कार्यक्रममा वार्षिकोत्सवको अवसरमा आयोजना गरिएका विभिन्न अतिरिक्त क्रियाकलापका विजेताहरुलाई पुरस्कार तथा प्रमाणपत्र समेत वितरण गरिएको थियो।

# तिब्बतसँग जोडिएको उपल्लो मुस्ताङमा फोरजी सेवा

मुलुककै अत्यन्त दूर्गम र विकट मानिएको उत्तरी छिमेकी राष्ट्र चीन स्वशासित क्षेत्र तिब्बतसँग जोडिएको उपल्लो मुस्ताङको सीमावर्ती क्षेत्र कोरला नाका आसपासका वस्तिहरुमा नेपाल टेलिकमले फोरजी सेवा उपलब्ध गराएको छ। फोरजी सेवाको उपलब्धता सँगै ती हिमाली वस्तिका वासिन्दाले तीब्र गतिको ब्रोडब्याण्ड इन्टरनेट सेवा समेत प्रयोग गर्न पाएका छन्। कम्पनीले मुस्ताङको लोमान्थाङस्थित नाम्डोकमा फोरजी सेवाको शुरुवात गरेपछि यो यस जिल्लाका उत्तरी सिमाक्षेत्रका करिब सबै वस्तिहरुमा फोरजी सेवा उपलब्ध भएको छ। गत वर्ष मात्र कम्पनीले उपल्लो मुस्ताङको लोमान्थाङ, चराङ र स्याङ्वोचेमा द्रुत गतिको इन्टरनेट सेवा र गुणस्तरीय भ्वाइस सेवा सहितको फोरजी सेवाको शुरुवात गरेको थियो।

यसैगरी कम्पनीले लोघेकर दामोदरकुण्ड गाउँपालिका वडा २ को घमीमा पनि फोरजीको उपकरण जडान गरी मोबाइल सेवा उपलब्ध गराएको छ। यहाँको टावरबाट स्याङवोचेका सेवा पुग्न बाँकी वस्तिहरु, घमी, लोमान्थाङ र नाम्डोकका सबै वस्तिहरुमा तीब्र गतिको इन्टरनेटसहितको मोबाइल सेवा उपयोग गर्न सकिने भएको छ। यसका साथै मुस्ताङकै मार्फा र खिङ्गामा पनि नयाँ टावर निर्माण गरी फोरजी सेवा सञ्चालनमा ल्याइएको छ। स्मरण रहोस् नेपाल टेलिकमले गत वर्ष नै मुस्ताङका पाँच स्थानीय तहका पाँच स्थानमा फोरजी सेवा उपलब्ध गराइसकेको छ। यसैगरी बाँकी पाँच स्थानीय तहमा पुराने संरचनामा फोरजी सेवा प्रवाह गर्न सकिने उपकरण जडान गरी सेवा उपलब्ध गराइएको छ।



कम्पनीले पहिलेदेखि नै मुस्ताङको जोमसोम, लेते, मुक्तिनाथ, लोमान्थाङ र चराङमा द्रुत गतिको इन्टरनेटसहितको फोरजी सेवा सञ्चालनमा ल्याएको थियो। २०७९ सालको शुरुवातसँगै जोमसोम, लेते, मुक्तिनाथ, लोमान्थाङ, र चराङका फोरजी सेवाको पहुँचमा पुग्न बाँकी रहेका वस्तिहरुमा पनि फोरजी सेवा उपलब्ध गराइएको छ। हालसम्म थ्रीजी सेवा सुचारु रहेका समर, सुर्खाङ र तेताङका वस्तिहरुमा पनि फोरजी सेवा उपलब्ध गराइने कम्पनीको लक्ष्य रहेको छ। भौगोलिक रुपले अत्यन्त विकट र निकै पातलो वस्ति भएको शान्ता गाउँमा पनि मोबाइल सेवा उपलब्ध गराउने कम्पनीको तयारी रहेको छ।

सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
e-mail: ntc.news@ntc.net.np फोनः ४२१०३७८, फ्याक्स : ४२१०३७९, मासिक रूपमा प्रकाशित हुने यो Newsletter कम्पनीको website : www.ntc.net.np मा पनि उपलब्ध छ।

**Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section**
Co-ordinator : Shobhan Adhikari Joint Co-ordinator : Ranjeet Lohia

Editor : Umesh Raj Dahal
Editorial Team : Eka Raj Subedi, Meghanath Dhakal